# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कम्हरिया, रुपन्देही

५ नं. प्रदेश, नेपाल

प्रथम पटक सुचना प्रकाशन मितिः २०७७/०३/११

**मायादेवी गाउँपालिका रूपन्देहीको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्वन्धी**
**१५ दिने शिलवन्दी दरभाउपत्र आह्वान सम्वन्धी सूचना ।**

मायादेवी गाँउपालिका अन्तरगत रहेका बिबिध वडाहरुमा पर्ने तपसिलमा उल्लेखित हाटबजारहरुको आर्थिक वर्ष ०७७/७८ (२०७८ असार मसान्त सम्म) तथा पोखरीहरुको (२०७७ श्रावण १ देखि २०७९ असार मसान्त सम्म)को लागि शुल्क दस्तुर उठाउन ठेक्का बन्दोवस्त गर्नु परेकोले मायाँदेवी गाँउपालिकाको मिति २०७७/०२/२९ गतेको निर्णय बमोजिम तपसिल बमोजिमको शर्तको अधिनमा रही शुल्क दस्तुर उठाउने गरी शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. ठेक्का रकमको नेपाली नागरिक भए (नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनु पर्ने) ५ प्रतिशत र गैर नेपाली भए १० प्रतिशतले हुने रकम धरौटी स्वरुप गाउँपालिकाको प्राईम कमर्सीयल बैङ्क लिमिटेड बेथरी शाखाको धरौटी खाता नं **०६४००१६५CA** मा जम्मा गरेको भौचर दरभाउपत्र साथ संलग्न हुनु पर्ने छ । चेक र नगदलाई मान्यता दिइने छैन ।

२. दरभाउपत्र फाराम यस गाउकार्यपालिकाको कार्यालयबाट रु १०००/- (एक हजार) फिर्ता नहुने गरी रसिद काटी २०७७/०३/११ गते देखि मिति २०७७/०३/२६ गते सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

३. ठेक्का सदर भएको ७ दिन भित्र एकमुष्ट रकम जम्मा गर्नु पर्नेछ अन्यथा राखेको धरौटी रकम जफत गरी ठेक्का अरुलाई दिइने छ ।

४. सिलवन्दी बोलपत्र फाराम मिति २०७७/०३/२७ (सार्वजनिक विदा परेमा भोली पल्ट) दिनको १२ बजे भित्र मायादेवी गाउँपालिकामा दर्ता गराइसक्नु पर्नेछ ।

५. यस कार्यलयमा तोकेको समय भित्र परेको टेण्डरहरु मिति २०७७/०३/२७ गते दिनको २ बजे ठेकेदार वा निजको प्रतिनिधिको रोहवरमा गाँउकार्यपालिकाको कार्यालयमा खोलिने छ । साथै ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभएमा शिलबन्दी खोल्न बाधा पर्ने छैन ।

६. कार्यालय प्रमुखको सहीछाप नभएको र म्याद नाघी आएको शिलबन्दीलाई मान्यता दिइने छैन साथै ठेक्का सम्बन्धि सम्पूर्ण अधिकार मायादेवी गाउँकार्यपालिकामा सुरक्षित रहनेछ ।

७. ठेक्का रकम अंक र अक्षरमा बुझिने गरी उल्लेख गर्नु पर्ने छ । विस्तृत जानकारीको लागि मायादेवी गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. ठेकेदार तथा गाउँपालिका विच कुनै विवाद भएमा गाउँपालिकाकोको निर्णय अन्तिम हुनेछ । ठेकेदारको कुनै उजुरी लाग्ने छैन । ठेक्का भएको बाजार तथा पोखरीहरुको आवश्यक मर्मत सम्भार सम्बन्धित ठेकेदार स्वंयले गर्नुपर्नेछ ।

९. यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

<u>तपसिल</u>

१. ठेक्का नं. ८ मायादेवी-३ बरेवा, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ५०,०००/- (पचास मात्र- बार्षिक)
२. ठेक्का नं. ९ मायादेवी-३ कम्हरिया, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ५२,०००/- (बाउन्न हजार मात्र- बार्षिक)
३. ठेक्का नं. १० मायादेवी-३ केन्हौली, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ५०,०००/- (पचास हजार मात्र- बार्षिक)
४. ठेक्का नं. ११ मायादेवी-३ सुक्रौली, सार्बजनिक हाटबवार, न्युनतम अङ्क रु. १००,०००/- (एक लाख मात्र- बार्षिक)
५. ठेक्का नं. १२ मायादेवी-५ बसौंली, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. १,००,०००/- (एक लाख मात्र- बार्षिक)
६. ठेक्का नं. १३ मायादेवी-५ गोनाहा, सार्बजनिक हाटबवार, न्युनतम अङ्क रु. ३०,०००/- (तीस हजार मात्र- बार्षिक)
७. ठेक्का नं. १४ मायादेवी-६ दुर्गौलिया, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ३०,०००/- (तीस हजार मात्र- बार्षिक)
८. ठेक्का नं. १५ मायादेवी-२ कुट्टवा, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ८,०००/- (आठ हजार मात्र- बार्षिक)
९. ठेक्का नं. १६ मायादेवी-४ बनकसिहा, सार्बजनिक पोखरी, न्युनतम अङ्क रु. ७५,०००/- (पचहत्तर हजार मात्र- बार्षिक)

प्रमुख प्रशासकीय अधिकृत